प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**<u>विद्युतीय औजार उपकरण खरिद गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना</u>**

प्रथम पटक प्रकाशित मितिः २०७८।२।२१

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईको लागि देहाय बमोजिमको विद्युतीय औजार उपकरण खरिद गर्नुपर्ने भएकोले यो सूचनामार्फत इजाजत प्राप्त फर्म, कम्पनी वा आपूर्ति गर्ने संस्थाहरुबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने फर्म, कम्पनी वा आपूर्तिसंस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहाय बमोजिमको शूल्क तिरी नगदी रसिद साथ कारोबार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व.२०७६।७७ को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समेत संलग्न राखी निवेदन पेश गरेमा यस कार्यालयबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ । दरभाउपत्र खरिद गरि १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा खोलिने छन् ।

२. दरभाउपत्र विक्रि, दर्ता तथा खोल्ने दिन यदि सार्वजनिक विदा परेमा विदापछि कार्यालय खुलेको दिन क्रमशः सोही समयमा दरभाउपत्र विक्रि, दर्ता तथा खोल्ने कार्यसमेत हुनेछ ।

३. राजश्व वापत रकम तपशिल बमोजिमको खातामा दाखिला गर्नूपर्नेछ ।

   क. बैंकको नामः राष्ट्रिय बाणिज्य बैङ्क, धनगढी, कैलाली ।

   ख. रकम दाखिला हुने कार्यालयको नामः प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली ।

   ग. कार्यालय कोड नं.३०१००७७०१७

   घ. खाता नं.१०००१००२०००१००००

   ङ. राजश्व शिर्षक नं. १४२२९

४. दरभाउपत्रदाताले मूल्य अभिवृद्धि कर बाहेकको रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक प्रतिनिधिले सहि छाप गरी आवश्यक कागजात र धरौटी वापत सूचनामा उल्लिखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, सूदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको राष्ट्रिय वाणिज्य बैंक, धनगढी, कैलालीमा रहेको धरौटी हि.नं. ४१७०१००२०२०३०००० मा जम्मा गरेको बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बिड वण्ड समेतका आवश्यक कागजपत्रहरुको प्रतिलिपि सिलबन्दी दरभाउपत्र साथ पेश गर्नू पर्नेछ ।सिलबन्दी खामको बाहिर पट्टी पाउनेमा"***मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी*** " र पेश गर्नेमा दरभाउपत्रदाताको नाम, ठेगाना तथा फोन नं समेत उल्लेख गर्नुपर्नेछ ।

५. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्ताबित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यावसाय सम्बन्धि कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नुपर्नेछ ।

६. रीत नपुगी वा दरभाउपत्रदाताको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको दरभाउपत्रउपर कुनै कारवाही हुने छैन ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहितरहनेछ ।

८. दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेसिफिकेसन बमोजिम भए नभएकोपरीक्षणमा ग्राह्य भएका दरभाउपत्रदाताहरु वाट मात्र छनौट गरिनेछ ।

९. दरभाउपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

१०. यस बाहेक अन्य कूराहरु सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

| क.सं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सेवाको संक्षिप्त विवरण | दरभाउपत्र दस्तुर (.रु) | धरौटी रकम (.रु) |
|---|---|---|---|---|
| १ | 2-OCMCM/ SBQ 2077-078 | I. इन्भर्टर ए.सी (१.५ टन) - थान २<br>II. इन्भर्टर ए.सी (१ टन) - थान ३<br>III. इन्भर्टर -१ थान<br>IV. ब्याट्री सेट – २ थान<br>V. डिजिटल डिस्प्ले बोर्ड भिडियो प्रोसेसर सहित -१ सेट | १,०००।- | ४०,०००।- |